# श्री बडहरेपातल सामुदायिक वन उपभोक्ता समूह

## मध्यनेपाल न.पा.- १, जिता, लमजुङ

बाबुराम थापा
अध्यक्ष

**बिषयः गोलिया काठ तथा दाउराको बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/८**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा सामुदायिक वनको खण्ड नं. १, २, ३, र ४ मा डि.व.का. लमजुङको च.नं. ११५३ मिति २०८२/१०/१२ को काठ दाउरा संकलन सहमति अनुसार वन ब्यवस्थापन कार्य गर्दा संकलन भई घाटगद्दीमा रहेको साल जातको गोलिया थान १४३ को १४२४.६७ क्यू.फि. गोलिया काठ र २०'x ५' x ५' नापसाईजको साल दाउरा ६.५ (छ दशमलब पाँच) चट्टा समूहमा आन्तरिक खपत नभई बढी रहन गएको र सडिगली जाने हुनाले लिलाम बिक्रि गर्नु परेकोले तपशिल बमोजिमको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि समूहको मिति २०८२/१२/२१ मा बसेको समूहको कार्यसमितिको बैठकको निर्णय तथा डिभिजन वन कार्यालय लमजुङको च.नं. १८३६ मिति २०८३/०१/०४ को ब्यापारीक प्रयोजनका लागि वन पैदावर बिक्री वितरण गर्न दिईएको सहमती पत्र अनुसार लिलाम बिक्रिका लागि यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

१. वन पैदावारको विवरणः

**तपशिल**

| सि.नं. | लट नं. | प्रजाति | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य मु.अ. कर बाहेक | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १ | साल | गोलिया | A | ४३ | ६६४.३२ | १५,४०,४९४/- | ४,३३,८५७/४५ | घाटगद्दीः मध्यनेपाल न.पा. १, सुदारे, सुन्दरबस्ती र बुढोखोला रैकरे लमजुङ। |
| | | | गोलिया | B | ६५ | ५८६.२८ | | | |
| | | | गोलिया | C | ३५ | १७४.०७ | | | |
| २ | | | दाउरा | २०x ५ x ५ नापसाईजको | | ६.५ ( छ दशमलब पाच) चट्टा | | | |
| जम्मा | | | | | १४३ | १४२४.६७ क्यु.फी. | १५,४०,४९४/- | ४,३३,८५७/४५ | |

२. वोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र समय तथा खोल्ने मिति र समयः

क) वोलपत्र खरिद गर्ने मिति र समयः २०८३/०१/२८ गते दिनको ५:०० वजे सम्म।

ख) वोलपत्र पेश गर्ने मिति र समयः २०८३/०१/२९ गते दिनको १२:०० बजे सम्म।

ग) वोल पत्र खोल्ने मिति र समयः २०८३/०१/२९ गते दिनको २:०० वजे उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट हुनेछ

३. वोलपत्र फारम लट नं. १ को लागि रु. २,०००/- (दुई हजार रुपैया मात्र पछि फिर्ता नहुने गरि) यस सामुदायिक वन उपभोक्ता समूहबाट र डिभिजन वन कार्यालय लमजुङबाट खरिद गर्न सकिने छ।

४. लिलाममा भाग लिन ईच्छुक बोलपत्रदाताले सःमिल वा भेनियर उद्योग वा फर्निचर उद्योग दर्ता, नबिकरण तथा सुचिकृत प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्र वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नुपर्ने छ।

५. वोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको **नेपाल बैंक लिमिटेड बेसिशहर, लमजुङमा रहेको यस समूहको खाता नं. २३८००१०६६२१२३५००००००१** मा जम्मा गरेको सक्कल बैंक भौचर वा ६ मडिनाको बैक ग्यारेन्टी पेश गर्नुपर्ने छ।

६. रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०१/२९ गते दिनको २:०० वजे सम्बन्धित बोलपत्रदाता वा निजको आधिकारकि प्रतिनिधि, सब डिभिजन वन कार्यालय र वडा स्थित अन्य सरकारी निकायको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता उपस्थित नभएमा पनि टेन्डर खोल्न बाधा पर्ने छैन। उललेखित समय पछि आएका फारमलाई लिलाम बढाबढमा समाबेश गरिने छैन।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, संकलन खर्च तथा नियमानुसार लाग्ने अन्य सम्पूर्ण कर समेत बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधि भित्र आफनै खर्चमा उठाई लैजानु पर्ने छ।

८. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९. बोलपत्र डिभिजन वन कार्यालय लमजुङ बेसीशहर र उपभोक्ता समूहको कार्यालयमा पेश गर्न सकिने छ। दुबै स्थानमा पेश भएका बोलपत्ररु खोल्ने स्थान बडहरेपातल सामुदायिक वन उपभोक्ता समूहको कार्यालय मध्यनेपाल न.पा.- १, जिता, लमजुङमा हुने छ।

१०. बोलपत्र सकार गरिएको रकम, संकलन खर्च, निर्धारित मू.अ.कर तथा नियमानुसार लाग्ने अन्य सम्पूर्ण कर निर्धारित समय भित्र दाखिला नगरेमा वा लिलाम सकारेको वन पैदावार लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको १० प्रतिशत रकम जफत गरि नियमानुसार दोश्रो हुने ब्यक्ति वा फर्मलाई धरौटी लिई उपरोक्त बमोजिमको शर्तहरुको अधिनमा रहि लिलाम सदर गरिने छ।

११. अन्य थप जानकारीको लागि समूहको कार्यालय र डिभिजन वन कार्यालय लमजुङमा सम्पर्क राखी बुझ्न सकिने छ।

१२. बोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समूहमा रहने छ।

१३. यसमा उल्लेखित कुनै बिषयमा कुरा बाझिएमा वा अस्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित कानुन बमोजिम हुने छ।

सम्पर्कको लागिः ९८४५५५३५४७

बाबुराम थापा
अध्यक्ष

बाबुराम थापा
अध्यक्ष